# स्थानीय राजपत्र

## परोहा नगरपालिकाद्वारा प्रकाशित

| खण्डः ४ | संख्याः ४ | मितिः २०८३/०३/१७ |
|---|---|---|


**भाग – १**

**परोहा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

## परोहा नगरपालिकाको स्थानीय युवा परिषद ऐन, २०८३

**प्रस्तावनाः** युवाको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तीकरणका साथै शिक्षा, सीप, उद्यमशीलता र रोजगारीलाई प्रवर्द्धन गर्दै स्थानीय स्रोत र साधनको अधिकतम् उपयोगबाट समुन्नत स्थानीय तह निर्माणका लागि युवासम्बन्धी नीति निर्माणदेखि कार्यान्वयन तहसम्म उनीहरूको सार्थक सहभागिता वृद्धि गरी विकासमा मूलप्रवाहीकरण गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी परोहा नगरपालिकाले यो ऐन बनाएको छ।

### परिच्छेद - १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "परोहा नगरपालिकाको स्थानीय युवा परिषद् ऐन, २०८३ रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "नगरपालिका" भन्नाले परोहा नगरपालिकालाई सम्झनुपर्छ।

(ख) "प्रमुख" भन्नाले परोहा नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

(ग) "परिषद्" भन्नाले यस ऐनको दफा ४ बमोजिम स्थापना भएको परोहा नगरपालिकाको युवा परिषद् सम्झनुपर्छ।

(घ) "अध्यक्ष" भन्नाले स्थानीय युवा परिषद्को अध्यक्ष सम्झनुपर्छ।

(ङ) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनुपर्छ।

(च) "सदस्य-सचिव" भन्नाले परिषद्को सदस्य-सचिव सम्झनुपर्छ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधि वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ज) "युवा" भन्नाले स्थानीय युवा नीति २०८२ अनुसार तोकिएको उमेर समूहका व्यक्ति सम्झनुपर्छ।

(झ) "विशेष समुदायको युवा" भन्नाले द्वन्द्व पीडित, जोखिममा परेका, दलित तथा गरिबीको रेखामुनि रहेका, अपाङ्गता भएका वा सिमान्तीकृत, अल्पसंख्यक समुदायका युवा सम्झनुपर्छ।

(ञ) "सदस्य" भन्नाले परोहा नगरपालिकाको स्थानीय युवा परिषद्को सदस्य सम्झनुपर्छ।

(ट) "क्लब" भन्नाले यस ऐन वा यस ऐन अनुसार बन्ने नियम बमोजिम परोहा नगरपालिकाको हरेक वडामा गठन हुने तोकिए बमोजिमको उमेर समूहका युवाहरू सम्मिलित युवा क्लबलाई जनाउँछ।

३. **कार्यक्षेत्र:** यो ऐन परोहा नगरपालिका क्षेत्रभित्र लागू हुनेछ।

## परिच्छेद - २

## स्थानीय युवा परिषद्को गठन, काम, कर्तव्य र अधिकार

४. **परिषद्को गठन:** (१) परोहा नगरपालिकाभित्र युवा सशक्तिकरण र सहभागिता अभिवृद्धिका क्षेत्रमा समन्वय र सहजीकरण गर्न एक १५ सदस्यीय स्थानीय युवा परिषद्को गठन हुनेछ।

(२) स्थानीय युवा परिषद्को गठन देहाय बमोजिम हुनेछ।

(क) प्रमुख - अध्यक्ष

(ख) युवाका क्षेत्रमा कम्तिमा तीन वर्ष काम गरेको उच्च माध्यमिक तह उत्तीर्ण कार्यपालिकाबाट मनोनित एक जना स्थानीय युवा - उपाध्यक्ष

(ग) युवा क्लब वा युवा क्षेत्रका संघसंस्थाबाट प्रतिनिधित्व हुने गरी परिषदले मनोनित गरेका कम्तीमा एकजना जना महिला सहित दुई जना - सदस्य

(घ) युवाको हक, हित संरक्षण र सम्वर्द्धनमा विशेष योगदान पुर्याएका वा युवा विकासको क्षेत्रमा योगदान गरेका विषयगत ज्ञान सीप अनुभव र विज्ञता भएका युवाहरुमध्ये परिषदले मनोनित गरेका कम्तीमा एकजना जना महिला सहित दुई जना - सदस्य

(ङ) खेलकूद, विज्ञान प्रविधि, साहित्य, संस्कृति, कला, कृषि, पर्यटनको क्षेत्रबाट प्रतिनिधित्व हुने गरी परिषदले मनोनित गरेका एक जना महिला सहित दुई जना - सदस्य

(च) आदिवासी जनजाति, दलित, मुस्लिम, द्वन्द्व पीडित, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक तथा गरिबीको रेखामुनि रहेका वर्ग/समुदायको युवाको प्रतिनिधित्व हुने गरी परिषदले मनोनित गरेका बढीमा चार जना - सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ज) सामाजिक विकास समितिको संयोजक - सदस्य

(झ) शिक्षा शाखाको प्रमुख - सदस्य सचिव

(३) दफा २ (ख) बमोजिम उपाध्यक्ष नियुक्तिका लागि सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा दुई जना विज्ञ सदस्य रहेको एक छनौट समिति रहनेछ । छनौट सम्बन्धी कार्यविधि छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) मनोनित पदाधिकारीहरुको पदावधि ४ वर्षको हुनेछ ।

५. **परिषद्को बैठक तथा कार्यसञ्चालन:** (१) परिषद्को बैठक कम्तीमा छ महिनामा एक अनिवार्य रुपमा बस्नु पर्नेछ ।

तर, आवश्यकता अनुसार जति पटक बैठक बस्न बाधा पर्ने छैन् ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनपुस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(४) परिषद्को बैठक हनुभुन्दा कम्तीमा एक दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्का सदस्य सचिवले सदस्यहरूलाई दिनु पर्नेछ ।

(५) परिषदमा तत्काल कायम रहेका कुल सदस्य संख्याको एकाउन्न प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बाझिएको अवस्थामा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) परिषद्को बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नु पर्नेछ।

(८) कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषद्को बैठकमा पर्यवेक्षक वा आमन्त्रित सदस्यको रूपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ।

(९) एक तिहाई सदस्यले परिषद्को बठैक बस्न लिखित अनुरोध गरेमा अध्यक्षले १५ दिनभित्र बैठक बोलाउनु पर्नेछ।

(१०) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

६. **परिषद्को काम, कर्तव्य र अधिकार:** यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) युवा सम्बन्धी दीर्घकालीन स्थानीय नीति तर्जुमा गरी नगरपालिका समक्ष सिफारिस गर्ने,

(ख) नगरपालिकाबाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी योजना तथा कायक्रम बनाई लागू गर्ने,

(ग) प्रचलित कानून बमोजिम दर्ता भएका र नगरपालिका क्षेत्रभित्र युवाका क्षेत्रमा गर्न चाहने युवा क्लब तथा संघसंस्थासँग समन्वय र सहकार्य गर्ने।

(घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रूपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ङ) युवालाई नगरपालिका तथा राष्ट्र निर्माणमा सहभागी हुन उत्प्रेरित गर्ने,

(च) परिषद्को वार्षिक योजना कार्यक्रम तथा बजेट तर्जुमा गर्ने,

(छ) युवा विकास, सशक्तीकरण एवं मूलप्रवाहीकरण सम्बन्धी विषयमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई सुझाव दिने,

(ज) स्थानीय स्तरमा युवा जागरण, सशक्तीकरण र परिचालन गर्ने

(झ) स्थानीय स्तरमा युवा सीप, उद्यमशीलता तथा नेतृत्व विकास गर्ने,

(ञ) कला, साहित्य, संस्कृति, खेलकुद, मनोरञ्जन, विज्ञान, सूचना प्रविधि, दिगो बिकास, विपद् तथा वातावरण संरक्षणमा युवा सहभागिता अभिवृद्धि गर्दै युवाको नेतृत्व र व्यक्तित्व विकास, क्षमता अभिवृद्धि लगायतका युवा लक्षित कार्यक्रमहरु संचालन गर्ने,

(ट) युवा जागरण, सशक्तिकरण, सवलीकरण, सहभागिता अभिवृद्धि गरि शिक्षा, श्रम, सीप, उद्यमशीलता रोजगारी प्रवर्द्धन गर्ने,

(ठ) युवा सम्बन्धी तथ्याङ्क अद्यावधिक, योजना, बजेट तथा कार्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन, मूल्याकंन, नतिजा प्रतिवेदन लगायतका विषयहरुलाई व्यवस्थित गर्ने,

(ड) युवाका क्षेत्रमा काम गर्न स्थानीय युवा परिषद् र प्रदेश युवा परिषद्सँग समन्वय, सहकार्य र साझेदारी गर्ने,

(ढ) आफूले गर्नुपर्ने कुनै कार्य सम्पादन गर्नका लागि कार्यदल गठन गर्ने जिम्मेवारी दिने,

(ण) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

७. **परिषद्को क्षेत्र:** स्थानीय युवा परिषद्ले गर्न सक्ने कामका क्षेत्रहरु देहाय बमोजिम हुनेछ:

(क) युवा सम्बन्धी स्थानीय नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा,

(ख) शिक्षा, श्रम, सीप, उद्यमशीलता रोजगारी तथा स्वरोजगारी प्रवर्द्धन,

(ग) युवा इन्क्युवेसन, नवप्रवर्तनशीलता, सिर्जनशीलता, विज्ञान र सूचना प्रविधिको अभिवृद्धि,

(घ) युवामा अनुशासन, गतिशीलता र सामाजिक उतरदायित्व बोध,

(ङ) युवा स्वयंसेवक परिचालन, स्काउटीङ र परामर्श तथा मार्गदर्शन,

(च) युवा जागरण, सशक्तिकरण, सवलीकरण र सहभागिता अभिवृद्धि,

(छ) युवाको नेतृत्व र व्यक्तित्व विकास र क्षमता अभिवृद्धि,

(ज) कला, साहित्य, संस्कृति, खेलकुद, मनोरञ्जन, दिगो विकास, विपद् तथा वातावरण संरक्षणमा युवा सहभागिता अभिवृद्धि,

(झ) युवाहरुको सर्वाङ्गिण विकासमा केन्द्रित भइ नगर पालिकाको समृद्धिका लागि उत्प्रेरित युवा जनशक्ति निर्माण,

(ञ) सामाजिक सुरक्षा, सचेतना, सत्चरित्रता, सद्भाव र सहिष्णुता अभिवृद्धि,

(ट) देश भक्ति, स्थानीयता, स्वतन्त्रता, स्वाधिनता, सार्वभौमसत्ता अभिवृद्धि,

(ठ) आन्तरिक तथा अन्तर निकाय समन्वय, सहकार्य, साझेदारी र सहयोग अभिवृद्धि,

(ड) अन्य सम्बन्धित तोकिए बमोजिमका कार्यक्षेत्रहरु।

८. **परिषद्का पदाधिकारी तथा सदस्यको योग्यता**: (१) परिषद्का पदाधिकारी तथा सदस्यमा मनोनयन गर्न देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ।

(क) १६ वर्ष पुरा भई ३५ वर्ष ननाघेको नेपाली नागरिक,

(ख) युवाको क्षेत्रका कार्य बारे जानकारी भई योगदान पुर्याउन सक्ने,

(ग) युवाहरुको क्षेत्रमा काम गरेको,

(घ) स्थानीय तहभित्र बसोवास गरी योगदान पुर्याई रहेको व्यक्ति,

(ङ) फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति,

(च) नियुक्ति हुने समयमा कुनैपनि राजनीतिक दलको सदस्य वा पदाधिकारी नभएको,

(छ) मानसिक सन्तुलन नगुमाएको व्यक्ति,

(ज) बैंक तथा वित्तीय संस्थाको कालो सूचीमा नपरेको ।

९. **परिषद्का पदाधिकारी तथा सदस्यको पदमुक्त हुने अवस्थाः** (१) परिषदमा मनोनित पदाधिकारीहरूको कार्य सन्तोषजनक नभएको कार्यपालिकाले ठहर गरेमा कुनै पनि पदाधिकारी तथा सदस्यलाई पदमुक्त गर्न सक्नेछ ।

(२) पदावधिको बीचमा राजिनामा दिएमा वा मृत्यु भएमा वा फौजदारी अभियोगमा सजाय पाएमा वा बसाई सरी अन्यत्र गएमा वा पदीय दायित्व तथा आचरण सन्तोषजनक नभएमा वा पदीय जिम्मेवारी पुरा नगरेमा वा परिषद्लाई हानी नोक्सानी पुर्याएमा वा अन्य जुनसुकै कारणले परिषदको पद रिक्त भएमा बाँकी रहेका अवधिको लागि मात्र कार्यपालिकाले मनोनयन गर्नेछ ।

(३) उपदफा (१) बमोजिम पदमुक्त हुने पदाधिकारीलाई सफाइको मौका दिनु पर्नेछ ।

१०. **अध्यक्षको काम, कर्तव्य र अधिकार:** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) परिषद्को नेतृत्व गर्ने,

(क) सदस्य सचिवलाई बैठक वोलाउन निर्देश दिने,

(ग) बैठकको निर्णय कार्यन्वयन गर्ने, गराउने,

(घ) परिषद्को बैठकको अध्यक्षता गर्ने र बैठकमा कुनै विषय सर्वसम्मतिबाट निर्णय हुन नसकी मत बराबर भए निर्णायक मत दिने,

(ङ) आय व्ययको श्रेस्ता दुरुस्त राख्न लगाउने,

(च) पदाधिकारी तथा सदस्यहरुलाई कामको जिम्मेवारी तोक्ने,

(छ) पदाधिकारी तथा सदस्यहरुको राजीनामा स्वीकृत गर्ने,

(ज) परिषद्को कामको अनुगमन तथा नियमन गर्ने गराउने,

(झ) परिषद्ले निर्णय गरेका अन्य कार्यहरु गर्ने गराउने ।

११. **उपाध्यक्षको काम, कर्तव्य र अधिकार:** उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने गराउने,

(ख) युवा सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरुको तर्जुमा गर्ने,

(ग) स्थानीय विकास तथा राष्ट्रहितमा युवाहरुलाई परिचालन गर्ने,

(घ) स्थानीय मेला, जात्रा, अभियान, दिवस लगायतका अन्य सामाजिक गतिविधिहरुमा युवा परिचालन गर्ने

(ङ) परिषद्को कार्यहरुको अनुगमन गर्ने गराउने,

(च) परिषद् वा अध्यक्षले तोकेको अन्य कामहरु गर्ने गराउने,

(छ) अध्यक्षलाई सहयोग गर्ने,

(ज) परिषद्ले तोकेको अन्य काम।

**१२. सदस्य सचिवको काम, कर्तव्य र अधिकार:** सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) अध्यक्षको परामर्शमा समितिको बैठक बोलाउने,

(ख) बैठकमा योजना तथा प्रस्ताव पेश गर्ने,

(ग) बैठकको निर्णय प्रमाणित गर्ने,

(घ) परिषद्को तर्फबाट गर्नुपर्ने प्रशासनीक सम्पूर्ण कार्य गर्ने गराउने,

(ङ) परिषद् वा अध्यक्षले तोकेको अन्य कामहरु गर्ने गराउने,

(च) परिषद्को कार्यहरुको अनुगमन गर्ने गराउने,

(छ) अध्यक्षलाई सहयोग गर्ने,

(ज) परिषद्ले तोकेको अन्य काम।

**१३. सदस्यको काम, कर्तव्य र अधिकार:** सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) अध्यक्ष तथा परिषद्लाई सहयोग गर्ने।

(ख) बैठकमा सहभागी हुने।

(ग) परिषद्ले तोकेको अन्य कार्यहरु गर्ने।

**१४. परिषद्को सचिवालय:** (१) शिक्षा शाखाले परिषद्को सचिवालयको रुपमा काम गर्नेछ।

## परिच्छेद - ३

## परिषद्संगको आवद्धता, कार्यक्रम सञ्चालन र युवा परिचालन

**१५. युवा सम्बन्धी संघसंस्था वा सञ्जाललाई आबद्धता प्रदान गर्ने:** (१) युवाको हक, हित र अधिकारको संरक्षण गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका युवा सम्बन्धी काम गर्ने संघसंस्था वा सञ्जाल

परिषद्मा आबद्ध हुन चाहेमा देहायको विवरण खुलाई अनुसूची १ बमोजिमको ढाँचामा परिषद् समक्ष निवेदन दिनुपर्नेछ:

(क) संस्था वा सञ्जालको नाम,

(ख) संस्था वा सञ्जालको उद्देश्य,

(ग) संस्था वा सञ्जालको नवीकरण वहाल रहने अवधि,

(घ) संस्था वा सञ्जालको कार्य समितिको पूर्ण विवरण।

(२) यसरी आबद्धता हुन निवेदन दिँदा सम्बन्धित संघसंस्था वा सञ्जालको विधान समेत संलग्न गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त निवेदन सहित कागजात जाँचबुझ गर्दा निवेदकको माग बमोजिम त्यस्तो संघसंस्था वा सञ्जाललाई परिषद्संग आबद्धता प्रदान गर्न उपयुक्त देखिएमा सो संघसंस्था वा सञ्जाललाई अनुसूची २ बमोजिमको ढाँचामा परिषद्ले आबद्धता प्रदान गर्नेछ।

**१६. युवा सम्बन्धी संघसंस्था वा सञ्जालको परिचालनः** (१) दफा १५ बमोजिम परिषद्मा आबद्ध भएका संघसंस्था वा सञ्जालले युवाको वृहत्तर हकहित र सर्वाङ्गिण विकासका लागि विभिन्न किसिमका जानकारीमूलक, चेतनामूलक, रोजगारमूलक, सीपमूलक र क्षमता विकास केन्द्रित कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षेत्रमा कार्यक्रम सञ्चालन गर्दा संघसंस्था वा सञ्जालले आफ्नै वा दातृ निकाय वा विकास साझेदार संस्थाबाट उपलब्ध हुने स्रोत साधनको परिचालन गर्नुपर्नेछ।

(३) परिषद्मा आबद्ध भएका संघसंस्था वा सञ्जालले आफूले वर्षभरी गरेको कामको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र परिषद्समक्ष पेश गर्नुपर्नेछ।

**१७. युवा सम्बन्धी संघसंस्थाको नवीकरण सम्बन्धी व्यवस्थाः** (१) परिषद्सँग आवद्ध भएका संघसंस्था वा सञ्जालले आफ्नो आवद्धता कायमै राख्न चाहेमा त्यस्तो आवद्धताको अवधि सकिनु भन्दा कम्तीमा पन्ध्र दिन अगावै नवीकरणको लागि अनुसूची ३ बमोजिमको ढाँचामा परिषद्समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आवद्धता नवीकरण गराउनका लागि दिएको निवेदन सहितको कागजात जाँचबुझ गर्दा परिषद्ले उपयुक्त देखेमा नगर कार्यपालिकाले तोके बमोजिमको नवीकरण दस्तुर लिई संघसंस्था वा सञ्जालको आवद्धता नवीकरण गरिदिनेछ।

(३) उपदफा (१) बमोजिमको अवधिभित्र आवद्धता नवीकरण गराउन नसकेको संघसंस्था वा सञ्जालले त्यसको मनासिव कारण देखाई सो अवधि समाप्त भएको मितिले तीन महिनाभित्र नवीकरणको लागि परिषद्मा निवेदन दिएमा र त्यसरी दिएको निवेदन जाँचबुझ गर्दा मनासीव देखिएमा परिषद्ले नवीकरण

दस्तुर र त्यस्तो दस्तुरको पचिस प्रतिशतसम्म थप दस्तुर लिई त्यस्तो संघसंस्था वा सञ्जालको आवद्धता नवीकरण गरि दिन सक्नेछ ।

**१८. आवद्धता रद्द गर्न सक्नेः** (१) परिषद्मा आवद्ध भएका संघसंस्था वा सञ्जालको आबद्धता देहायको अवस्थामा स्वतः रद्द भएको मानिनेछ ।

(क) प्रचलित कानुन बमोजिम संघसंस्था वा सञ्जालको विघटन भएमा,

(ख) दफा १७ बमोजिम आवद्धता नवीकरण नगराएमा,

(२) परिषद्संग आवद्ध भएका संघसंस्थाको आवद्धता देहायको अवस्थामा रद्द गर्न सक्नेछ ।

(क) परिषद्को उद्धेश्य अनुरुप कामकारवाही नगरेमा वा परिषद्को हित विपरितको कुनै कार्य गरेमा वा परिषदलाई हानीनोक्सानी पुर्याएमा,

(ख) परिषद्ले आवद्धता दिंदाको सर्त तथा परिषदको सहयोग र सहकार्यमा गरिने कुनै कामको सम्बन्धमा दिएको निर्देशन पालना नगरेमा,

(ग) संघ संस्थाको विधानमा संसोधन भई युवाको क्षेत्रमा कार्य क्षेत्र नरहने भएमा,

(घ) संघसंस्थाको रकम हिनामिना गरेमा,

(ङ) नियमित वार्षिक लेखापरीक्षण नगराएमा ।

(३) उपदफा (२) बमोजिम आवद्धता रद्द गर्नु अघि परिषद्ले सम्बन्धित संघसंस्था वा सञ्जाललाई आवद्धता रद्द गर्नु नपर्ने कुनै आधार वा कारण भए त्यस्तो आधार वा कारण पेश गर्न मनासिव समय दिनु पर्नेछ ।

**१९. युवा सञ्जालको गठन तथा सञ्चालनः** (१) नगर कार्यपालिकाले स्थानीय स्तरमा युवाहरूको सहभागिता, पहुँच अभिवृद्धि एवम क्षमता विकासका लागि वडा र नगरपालिका स्तरमा युवा सञ्जाल गठन गर्न सक्नेछ ।

(२) युवा सञ्जाल गठन गर्दा युवा क्लब, युवाको क्षेत्रहरुमा कार्यरत व्यक्ति वा संघसंस्था र युवाको हकहितको क्षेत्रमा सक्रिय रहि योगदान गरेका व्यक्ति वा संघसंस्थाहरुमध्येबाट प्रतिनिधित्व हुने गरी नौ सदस्यीय एक नगरस्तरीय युवा सञ्जाल र सात सदस्यीय वडास्तरीय युवा सञ्जालको गठन गर्न सक्नेछ ।

(३) युवा सञ्जालको पदाधिकारी तथा सदस्यहरुको पदावधि, बैठक र कार्य सञ्चालन सम्बन्धी कार्यविधि परिषद्ले तोके बमोजिम हुनेछ ।

(४) युवा सञ्जालको गठन गर्दा लैंगिक तथा सामाजिक समावेशिताको सिद्धान्तलाई पूर्ण रूपमा पालना गर्नु पर्नेछ ।

(५) नगरपालिकालाई कार्यक्षेत्र तोकी अन्य जुनसुकै निकायमा दर्ता भई सक्रिय रहेका युवा सञ्जालहरु परिषद्मा आबद्धता गराउनु पर्नेछ। परिषद्मा आबद्ध नभएको सञजालसंग सहकार्य गरिनेछैन्।

**२०. युवा स्वयंसेवक परिचालनः** (१) परिषद्ले स्थानीय आवश्यकता अनुसार स्वयंसेवा गर्न चाहने युवाहरूको युवाहरूको रुचि, दक्षता, शैक्षिक योग्यता र विशेषज्ञता (जस्तैः स्वास्थ्य, प्राविधिक, विपद् उद्धार, शिक्षण, खेलकुद) को रोस्टर (सूची) तयार गरी राख्न सक्नेछ।

(२) विपद् व्यवस्थापन, जनस्वास्थ्य संकट, वातावरणीय संरक्षण, विकास निर्माणका कार्य, सार्वजनिक सेवा सुदृढीकरण तथा सामाजिक आर्थिक अभियानका क्षेत्रहरुमा परिषद्ले स्वयंसेवकको रुपमा रोस्टरमा समावेश भएका युवाहरु मध्येबाट आवश्यकता अनुसार परिचालन गर्न सक्नेछ।

(३) स्वयंसेवक परिचालन गर्दा निजहरूको व्यक्तिगत सुरक्षा, न्यूनतम दुर्घटना बीमा, यातायात खर्च, खाजा/खाना खर्च, बासको खर्च र आवश्यक अन्य सबै सहजीकरणको जिम्मेवारी परिषद् र नगर कार्यपालिकाको हुनेछ।

(४) स्वयंसेवा गर्ने युवालाई परिषद्ले तोकेबमोजिम प्रोत्साहन तथा कदर-पत्र प्रदान गर्नु पर्नेछ।

## परिच्छेद - ४

## परिषद्को कोष तथा लेखा प्रणाली

**२१. परिषद्को कोषः** (१) परिषद्को आफ्नो छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषको स्रोत देहाय बमोजिम हुनेछः

(क) नगरपालिकाको वार्षिक बजेटको रुपमा उपलब्ध हुने रकम,

(ख) कुनै व्यक्ति वा संघसंस्थाबाट प्राप्त हुने दान, दातव्य एवम् अनदुान रकम,

(ग) विदेशी सरकार, अन्तस्थानीय संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) युवा सम्बन्धी संघसंस्थालाई आबद्धता प्रदान गर्दा प्राप्त रकम,

(ङ) प्रकाशन विक्रीबाट प्राप्त हुने रकम,

(च) प्रतियोगिता सञ्चालनवाट प्राप्त हुने रकम,

(छ) सेवा सञ्चालनबाट प्राप्त हुने रकम,

(ज) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

**२२. छुट्टै बैंक खाता खोल्नु पर्नेः** (१) दफा २१ बमोजिमको कोषको रकम कोषको नाममा स्थानीय तहमा अवस्थित मान्यता प्राप्त वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

२३. **कोषको लेखा र लेखापरीक्षणः** (१) कोषको आय व्ययको लेखा र लेखा प्रणाली प्रचलित कानून बमोजिम राख्नु पर्नेछ।

(२) परिषद्को नामबाट गरिने सबै खर्चहरु दफा २१ बमोजिमको कोषबाट व्यहोरिनेछ।

(३) कोषको अन्तिम लेखा परीक्षण महालेखा परिक्षकबाट हुनेछ।

२४. **थप बजेट रकम माग गर्न सक्नेः** (१) नगर कार्यपालिकाबाट निकासा भएको बजेट रकम अपर्याप्त भएमा वा दफा २१ बमोजिमको कोषको रकम नपुग हुन गएमा परिषद्ले सो को कारण खुलाइ नगर कार्यपालिकासँग थप बजेट रकम माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम थप बजेट रकम माग भइ आएमा नगर कार्यपालिकाले परिषद्को आवश्यकता र औचित्यता हेरी थप रकम निकासा दिन सक्नेछ।

२५. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः** (१) कोषको रकम दफा ६ मा लेखिए बाहेकको अन्य क्षेत्र वा उक्त क्षेत्रसंग सम्बन्धित कार्यमा बाहेक उपयोग गर्न सकिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि परिषद्को सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चका लागि कोषको रकम उपयोग गर्न सकिनेछ।

## परिच्छेद - ५

## विविध

२६. **भाग लिन नहुनेः** परिषद्को कुनै सदस्य वा पदाधिकारीले परिषद्को ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुँदैन।

२७. **सेवा सुविधा तथा बैठक भत्ताः** (१) परिषद्का अध्यक्ष, उपाध्यक्ष, सदस्य र आमन्त्रित सदस्य तथा परिषदबाट गठित कार्यदलका सदस्यले बैठकमा भाग लिए वापत स्थानीय सरकारको आर्थिक कार्यविधि वा प्रचलित कानुन बमोजिम सेवा सुविधा तथा बैठक भत्ता पाउनेछन्।

२८. **वार्षिक प्रतिवेदनः** (१) परिषद्बाट कार्यान्वयन भएका कार्यक्रमहरूको वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र नगर कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त युवाको क्षेत्रमा देखिएका मद्दा, समस्या र चनुौती तथा सोको समाधानका उपायसमेतको विवरण उल्लेख गर्नुपर्नेछ।

(३) परिषद्ले आफूलाई प्राप्त स्रोत साधन, सम्पादन गरेका कार्य र तिनको उपलब्धी एवं गरेको अन्य काम कारवाहीको विवरण सर्वसाधारणको जानकारीको लागि प्रत्येक वर्ष प्रकाशन गर्नु पर्नेछ।

२९. **निर्देशन दिन सक्ने:** (१) राष्ट्रिय युवा परिषद्, प्रदेश युवा परिषद् वा संघ, प्रदेश र नगरपालिकाले परिषद्को काम कारवाही तथा सुधारको विषयमा आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन, समन्वय र सहजीकरणको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ।

३०. **अधिकार प्रत्यायोजन:** (१) परिषद्ले यो ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्का अध्यक्ष, उपाध्यक्ष, कुनै सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

३१. **सपथ ग्रहण:** परिषद्का पदेन सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची ४ बमोजिम सपथ ग्रहण गर्नु पर्नेछ।

३२. **सहयोग गर्नुपर्ने:** परिषद्को काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्न सम्बन्धित सबैको कर्तव्य हुनेछ।

३३. **परिषद्को विघटन:** (१) परिषद्ले यस ऐनको उद्देश्य बमोजिम काम गर्न नसकेको खण्डमा नगर कार्यपालिकाले जनुसुकै बखत परिषद् विघटन गर्न सक्नेछ।

३४. **सम्पर्क राख्न सक्ने:** परिषद्ले नेपाल सरकार वा प्रदेश सरकारसँग सम्पर्क राख्दा नगर कार्यपालिकाको कार्यालय मार्फत राख्नु पर्नेछ।

३५. **विनियम बनाउन सक्ने**: (१) यस ऐनको अधिनमा रहि परिषद्ले आवश्यक विनियम, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आर्थिक व्ययभार पर्ने विषयमा विनियम बनाउँदा परिषद्ले नगर कार्यपालिकाको अनिवार्य स्वीकृति लिनु पर्नेछ।

३६. **संशोधन:** (१) यस ऐनमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सकिनेछ।

(२) उपदफा १ बमोजिमको संशोधन गर्नु परेमा परिषद्को राय सुझाव लिन सक्नेछ।

## अनुसूची - १

### (दफा १५ सँग सम्बन्धित )

### स्थानीय युवा परिषद्मा आवद्धताको लागि दिइने निवेदनको ढाँचा

मितिः ..............................

श्री स्थानीय युवा परिषद्

परोहा नगरपालिका, लौकाहा, रौतहट ।

विषयः परिषद्मा आवद्ध हुन पाऊँ ।

स्थानीय युवा परिषद् ऐन, २०८३ को दफा १५ को उपदफा (१) बमोजिम परिषद्सँग आवद्ध हुन चाहेकाले देहायको विवरण खुलाई तथा तपसिलका कागजातहरु संलग्न गरी आवद्धताका लागि यो निवेदन पेश गरेको छु । परिषद्सँग आवद्धता भए वापत पालन गर्नुपर्ने शर्तको पालना गर्न मञ्जुर छु ।

१. संघसंस्था वा सञ्जालको नामः

२. संघसंस्था वा सञ्जालको ठेगानाः

(क) गाउँ/नगरपालिकाः ................................................ ................ ..................

(ख) जिल्लाः ...................... ............ (ग) प्रदेशः.....................................

(घ) फोन नम्बरः ........................................ (ङ) इमेलः................................................

(च) वेभसाईटः ......................... ................... .....................

३. संघसंस्था वा सञ्जालको उदेश्यः

(क)

(ख)

(ग)

(घ)

(ङ)

४. संघसंस्था वा सञ्जालको नवीकरण बहाल रहने अवधिः

५. संघसंस्था वा सञ्जालको कार्य समितिका सदस्यहरुको नाम र ठेगानाः

(क)

(ख)

(ग)

(घ)

(ङ)

६. संलंलग्न कागजातहरुः

(क) संघसंस्था वा सञ्जालको दर्ता प्रमाणपत्रः

(ख) संघसंस्था वा सञ्जालको विधानको प्रतिलिपिः

(ग) पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनः

(घ) संघसंस्था वा सञ्जालको तर्फबाट आवद्धताको लागि निवेदन दिने व्यक्तिलाई सो गर्न अधिकार दिएको निर्णयको प्रतिलिपिः

संघसंस्था वा सञ्जालको छाप

संघसंस्था वा सञ्जालको तर्फबाट निवेदकको:

नाम, थरः

पदः

दस्तखतः

## अनुसूची - २

### (दफा १५ (३) सँग सम्बन्धित)

### स्थानीय युवा परिषद्मा आवद्ध संघसंस्था वा सञ्जालको आवद्धताको प्रमाणपत्रको ढाँचा

आवद्धता नम्बरः ........................

स्थानीय युवा परिषद्सँग आवद्ध हुन पाऊँ भनी .................................................. (संघसंस्था वा सञ्जालको नाम र ठेगाना) ले मिति ............................... मा दिएको निवेदन उपर कारवाही हुदाँ स्थानीय युवा परिषद्को मिति .................. ........ को निर्णयानुसार त्यस संघसंस्था वा सञ्जाललाई स्थानीय युवा परिषद् ऐन, २०८३ को दफा १५ (३) बमोजिम परिषद्सँग आवद्ध गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

१. आवद्धता कायम रहने अवधिः

परिषद्को छाप

प्रमाणपत्र जारी गर्ने अधिकारीको

नाम, थरः

पदः

मितिः

पछाडीपट्टी

| **नवीकरण गर्ने पदाधिकारीको नाम, थर** | **नवीकरण मिति** | **नवीकरण कायम रहने मिति** | **दस्तखत** | **कैफियत** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची - ३

**(दफा १७ संग सम्बन्धित)**

**आवद्धता नवीकरण गराउनको लागि दिने निवेदनको ढाँचा**

मितिः ...............................

श्री स्थानीय युवा परिषद्,

परोहा नगरपालिका, लौकाहा, रौतहट ।

विषयः आवद्धता नवीकरण गरी पाऊँ ।

स्थानीय युवा परिषद् २०८३ को दफा १५ बमोजिम यस संघसंस्था वा सञ्जालले मिति ...................................... मा स्थानीय युवा परिषद्संग लिएको आवद्धता मिति .................................... गतेदेखि समाप्त हुने भएको र ....................................... कारणले गर्दा समयमा नै आवद्धता नवीकरण गराउन असमर्थ भएकोले सोही ऐनको दफा १७ बमोजिम नवीकरणका लागि यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरुः

क. परिषदमा आवद्ध भएको प्रमाणपत्रको सक्कल प्रति र प्रतिलिपि

ख. पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन

ग. संघसंस्था वा सञ्जालको नवीकरण वहाल रहने अवधि देखिने प्रमाणपत्रको प्रतिलिपि

घ. पछिल्लो वर्षमा सम्पादन गरेका मुख्य मुख्य कार्यको विवरण

संस्थाको छाप

संघसंस्था वा सञ्जालको तर्फबाट

नाम थरः

पदः

दस्तखतः

## अनुसूची - ४

(दफा ३१ सँग सम्बन्धित)

### सपथ ग्रहणको ढाँचा

म ............................................................ (सपथ ग्रहण गर्ने व्यक्तिको नाम) मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु । ईश्वर देश र जनताको नाममा सपथ लिन्छु कि परोहा नगरपालिकाको युवा परिषद्को ........................... पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझे अनुसार कर्तव्य सम्झी देश तथा परिषद्प्रति बफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच वा मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधीनमा रही पालन गर्नेछु ।

साथै, आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदा कुनै पनि अवस्थामा कुनै प्रकारले प्रकट वा संकेत गर्ने छैन् ।

**सपथ ग्रहण गर्नेको:**

नाम: ........................

दस्तखत: ............................

मिति: .............................

पद: ................................

**सपथ ग्रहण प्रमाणित गर्नेको:**

नाम: ...........................

दस्तखत: ............................

मिति: .............................

पद: ................................